स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यालय

दाङसिङ, नुवाकोट
बाग्मती प्रदेश, नेपाल

प. सं. २०८३/०८४
च. नं.

मिति २०८३।०५।२५

================================================================

विषयः ढुवानी सवारी साधन सम्बन्धमा ।

यस तारकेश्वर गाउँपालिका, नुवाकोटका लागि राहत तथा अन्य विभिन्न सामग्रीहरू विदुर र गल्छीबाट वडा नं. २ र ४ का विभिन्न स्थानहरू तथा गाउँपालिका भवन दाङसिङसम्म बारम्बार ओसारपसार गर्नुपर्ने हुन सक्ने भएकाले, इच्छुक सवारी साधनका धनी, चालक तथा सञ्चालकहरूले देहायका विवरणहरू तथा आवश्यक कागजातहरू समावेश गरी यस कार्यालयमा वा यस कार्यालयको इमेल ठेगाना ittarakeshwormun@gmail.com मा यस सूचना प्रकाशित भएको मितिले २ (दुई) दिनभित्र दररेट पेश गर्नुहुन अनुरोध गरिन्छ।

पेश गर्नुपर्ने विवरणहरू:

१. गाडीको मोडल, डालाको आकार तथा क्षमता :
२. धनी, चालक वा संचालकको पुरा नाम र सम्पर्क नं. (तथा इमेल) :
३. प्रतिपटकको ढुवानी दरहरू :
(क) विदुरबाट तारकेश्वर गाउँपालिकाको वडा नं. २ र ४ का विभिन्न स्थानहरूसम्मको ढुवानी वापत रु.
(ख) गल्छीबाट तारकेश्वर गाउँपालिकाको वडा नं. २ र ४ का विभिन्न स्थानहरूसम्मको ढुवानी वापत रु.
(ग) विदुरबाट गाउँपालिका भवन, दाङसिङसम्मको ढुवानी वापत रु.
(घ) गल्छीबाट गाउँपालिका भवन, दाङसिङसम्मको ढुवानी वापत रु.

नोट : अन्य आवश्यक कागजात तथा विवरणहरु कार्यालयले सम्झौताका बखत माग गर्नेछ ।